राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्र वहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६९/१२/२१ मा बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू:

१. नेपाल सरकारले हालको परिवर्तित अवस्थामा राष्ट्रपति लगायत राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम तोकेको विषय बैठकमा जानकारी भयो ।

२. कृषि तथा ग्रामीण विकास महाशाखावाट प्रंस्तुत कृषि विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने Post Harvest Management and Value Addition of Mandarin Orange in Production Catchments in SAARC Countries मा सहमति माग भै आएको प्रस्ताव माथि छलफल हुँदा आयोजना कार्यान्वयन हुने क्षेत्रमा स्याङ्गजा र वरिपरिका जिल्लाहरू कास्की, पाल्पा, गुल्मी, पर्वतलाई पनि समावेश गर्ने गरी सकारात्मक सहमति दिने निर्णय गरियो ।

३. आर्थिक व्यवस्थापन महाशाखावाट प्रस्तुत सहस्राब्दी लक्ष्य (MDG) को Post 2015 Development Agenda तय गरी राष्ट्रिय तहमा छलफल गराउन उक्त कार्यक्रम स्वीकृत गरी साधन श्रोतको व्यवस्थाको लागि पेश भएको प्रंस्ताव सम्बन्धमा छलफल हुँदा उक्त कार्यक्रम स्वीकृत गर्ने र आवश्यक श्रोत र साधन उपलव्ध गराउनका लागि DFID र UNCT लाई अनुरोध गर्ने विस्तृत कार्यक्रम तयार गरी आयोगमा पेश गर्न लगाउने ।

४. कृषि तथा ग्रामीण विकास महाशाखावाट प्रस्तुत स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने Local Governance and Community Development Program (LGCDP) को दोश्रो तहको कार्यक्रमलाई सहमति उपलव्ध गराउने सम्वन्धमा पेश भएको प्रस्ताव सम्वन्धमा छलफल हुँदा उक्त कार्यक्रमको पहिलो तहमा प्राप्त उपलव्धि र दोश्रो तहमा गर्ने मुख्य मुख्य कामको सम्वन्धमा आयोजनालाई आयोगमा प्रस्तुतीकरण गर्न लगाई तत्पश्चात आवश्यक कारवाही गर्ने निर्णय गरियो ।

५. कृषि तथा ग्रामीण विकास महाशाखावाट प्रस्तुत यस सचिवालयमा रहेको राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा FAO को एकजना विज्ञ उपलव्ध गराई दिन अनुरोध गर्ने प्रस्ताव पेश हुँदा विज्ञ माग गर्ने निर्णय गरियो ।